# राजपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०७७

**प्रमाणीकरण भएको मिति ; २०७७।३।२८**

स्थानीय सरकारका रुपमा राजपुर नगरपालीकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुर्याउँदै नगरभित्र सुव्यवस्था कायम गर्न नागरिकको स्वच्छ वातावरणमा वाच्न पाउने हकको प्रचलन र जनताको जीउधनको सुरक्षा प्रदान गर्न तथा नगरपालिकाको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको संचालन एवं परिचालन कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २७६ अनुसुचि ८ ले दिएको अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी राजपुर नगरपालिकाको नगर सभाले नगर प्रहरी ऐन २०७७ पारित गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम राजपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेना यस ऐनमा –

क. "प्रमुख" भन्नाले राजपुर नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. " उप प्रमुख" भन्नाले राजपुर नगारपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले राजपुर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

घ. "नगर सभा" भन्नाले राजपुर नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ङ. "ऐन" भन्नाले " स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

च. "नगर प्रहरी ऐन " भन्नाले राजपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०७७" सम्झनु पर्दछ ।

छ. कार्यालय" भन्नाले राजपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।



CamScanner

झ. "नगर प्रहरी" भन्नाले राजपुर नगरपालिकाको नगर प्रहरी प्रमुख र अन्य नगर प्रहरी समेत लाई जनाउँदछ ।

३. **नगर प्रहरीको व्यवस्थाः**

(१) राजपुर नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ जसलाई नगर प्रहरीको नामले चिनिनेछ।

(२) नगर पालिकाबाट देहाय बमोजिम नगर प्रहरी समूह गठन गरी नगर सभाबाट विनियोजित बजेटको सीमा भित्र रही कार्यालयले प्रमुखले सभाको वा कार्यापालिकाको निर्णयबाट आवश्यकता अनुसार देहायका पद सृजना गरी आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

(३) कार्यालयले आवश्यक ठानेमा हाल कार्यरत रहेका कर्मचारीहरु मध्येबाट नै उपदफा (२) मा उल्लेखित बजेटको सीमा भित्र रेही आवश्यक संख्यामा नगर प्रहरी सेवा करारमा लिनु बाधा पुगेको मानिने छैन ।

तपसिल

क) नगर प्रहरी सहायक स्तर पाचौं

ख) नगर प्रहरी सहायक स्तर चौथो तह ( हवलदार)

ग) नगर प्रहरी जवान

४. **नगर प्रहरीको सञ्चालन एवं परिचालनः**

(१) कार्यालयले नगर प्रहरीको नेतृत्व परिचालन गर्न कम्तीमा प्रहरी सहायक (अ.स.ई. सहायक स्तर पाचौं) बराबरको पारिश्रमिक पाउने गारी एक जना नगर प्रहरी प्रमुख तोक्न सकिनेछ ।

(२) नगर प्रहरीको प्रभावकारी परिचालनका लागि प्रहरी हवल्दारले पाउने पारिश्रमिक सुविधा पाउने गारी १ जना नगर प्रहरी हवल्दार सैवा करारमा लिन सक्ने छ वा